# नेपाल राष्ट्र बैंक
## बैंक सुपरिवेक्षण बिभाग

आ.व. २०७९/०८० को पहिलो त्रयमासमा इजाजतप्राप्त “क” बर्गका वाणिज्य बैंकहरु र बैंकका अध्यक्ष, संचालक र प्रमुख कार्यकारी अधिकृतलाई नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभागबाट गरिएको कारवाही विवरण

| क्र.सं | बैंकको नाम | पटक आ.व. २०७९/८० | सम्पत्ति शुद्धिकरण (**Money Laundering**) सम्बन्धी ऐन र निर्देशनको उल्लंघन गरेकोले जरिबाना रकम(रु) | अनिवार्य नगद मौज्दात अनुपात/ बैधानिक तरलता अनुपात | तोकिएको उत्पादनशिल (कृषि, उर्जा, लघु एवं साना तथा मझौला) क्षेत्रमा कर्जा प्रवाह नभई गरिएको जरिवाना | विपन्न वर्ग क्षेत्र कर्जा | ब्याजदर अन्तर | कर्जा/ श्रोत परिचालन अनुपात | अन्य कारवाही |
|---|---|---|---|---|---|---|---|---|---|
| १. | बैक अफ काठमाडौं लिमिटेड | प्रथम | - | - | - | रु.२,११,८५,०६०।६७ | - | - | - |
| २. | कृषि विकास बैंक लिमिटेड | प्रथम | रु.२०,००,०००।- | - | - | - | - | - | - |
| ३. | प्रभु बैंक लिमिटेड,<br>बैंक अफ काठमाण्डौ लिमिटेड,<br>कुमारी बैंक लिमिटेड,<br>प्राइम कमर्सियल बैंक लिमिटेड | प्रथम | | | | | | | नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभागले रोक्का राख्न निर्देशन दिएका खाताहरुमा कारोबार गरेको पाइएकोले बैंकका प्रमुख कार्यकारी अधिकृतहरुलाई सचेत गराइएको । |

| क्र. सं | बैंकको नाम | पटक आ.व. २०७९/८० | सम्पत्ति शुद्धिकरण (Money Laundering) सम्बन्धी ऐन र निर्देशनको उल्लंघन गरेकोले जरिबाना रकम(रु) | अनिवार्य नगद मौज्दात अनुपात/ बैधानिक तरलता अनुपात | तोकिएको उत्पादनशिल (कृषि, उर्जा, लघु एवं साना तथा मझौला) क्षेत्रमा कर्जा प्रवाह नभई गरिएको जरिवाना | विपन्न वर्ग क्षेत्र कर्जा | ब्याजदर अन्तर | कर्जा/ श्रोत परिचालन अनुपात | अन्य कारवाही |
|---|---|---|---|---|---|---|---|---|---|
| ४. | हिमालयन बैंक लिमिटेड,<br>सनराईज बैंक लिमिटेड,<br>ग्लोबल आइ.एम.ई बैंक लिमिटेड,<br>मेगा बैंक लिमिटेड | प्रथम | | | | | | | बैंक तथा वित्तीय संस्थालाई जारी गरिएको एकिकृत निर्देशन २०७८ को निर्देशन नं.१५ (३) (८) मा भएको व्यवस्था बमोजिम एकपटक प्रिमियम दर निर्धारण गरी ऋणीलाई दिइने कर्जा प्रस्ताव पत्रमा उल्लेख गरी कर्जा प्रवाह गरे पश्चात प्रिमियम दर वृद्धि गर्न वा कुनै किसिमको डिस्काउन्ट प्रदान गरी पुनः स्वतः वृद्धि हुने जस्ता योजना लागू गर्न पाईने छैन भन्ने व्यवस्थाको पालना नभएको देखिएकोले नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा १०० को उपदफा २ को खण्ड (क) बमोजिम बैंकका प्रमुख कार्यकारी अधिकृतहरुलाई सचेत गराईएको । |
| ५. | सनराईज बैंक लिमिटेड<br>मेगा बैंक लिमिटेड | प्रथम | | | | | | | बैंक तथा वित्तीय संस्थालाई जारी गरिएको एकिकृत निर्देशन २०७८ को निर्देशन नं.१५ (३) (५) मा भएको व्यवस्था बमोजिम कुनैपनि कर्जा आधार दर भन्दा कम ब्याजदरमा प्रवाह गर्न पाइने छैन भन्ने व्यवस्थाको पालना नभएको देखिएकोले नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा १०० को उपदफा २ को खण्ड (क) बमोजिम बैंकहरुका संचालक समितिलाई सचेत गराईएको । |

| क्र. सं | बैंकको नाम | पटक आ.व. २०७९/८० | सम्पत्ति शुद्धिकरण **(Money Laundering)** सम्बन्धी ऐन र निर्देशनको उल्लंघन गरेकोले जरिबाना रकम(रु) | अनिवार्य नगद मौज्दात अनुपात/ बैधानिक तरलता अनुपात | तोकिएको उत्पादनशिल (कृषि, उर्जा, लघु एवं साना तथा मझौला) क्षेत्रमा कर्जा प्रवाह नभई गरिएको जरिवाना | विपन्न वर्ग क्षेत्र कर्जा | ब्याजदर अन्तर | कर्जा/ श्रोत परिचालन अनुपात | अन्य कारवाही |
|---|---|---|---|---|---|---|---|---|---|
| ६. | सनराईज बैंक लिमिटेड | प्रथम | | | | | | | प्रमुख कार्यकारी अधिकृत अवकाश हुदां थप सुविधा उपलब्ध गराएकोले बैंकलाई बैंक तथा वित्तिय संस्था सम्बन्धी ऐन २०७३ को दफा ९९ को उपदफा १ को खण्ड (क) बमोजिम बैंकका संचालक समितिलाई सचेत गराईएको । |
| ७. | मेगा बैंक लिमिटेड | प्रथम | | | | | | | बैंकले लगानी गरेका केही कर्जाहरु विगत तिन/चार बर्ष देखी नियमित नभै कर्जा नविकरण हून नसकेका र कर्जाहरुको कूनै पनि विवरण समेत अद्यावधिक नभएको अवस्थामा बैंकले पर्याप्त कर्जा नोक्सानी व्यवस्था कायम नगरी निरन्तर कर्जा भूक्तानी सीमा बढाएको तथा बैंकले एकीकृत निर्देशन ०७८/०२ को १, ३, ८ र ९ बमोजिम केही कर्जाहरुको वर्गीकरण तथा कर्जा नोक्सानी व्यवस्था कायम गरेको नदेखिएको साथै बैंकले Mega Housing and Mortgage Loan अर्न्तगत Loyalty Finance Scheme (LFS) Product मार्फत् प्रवाह गरेको सम्पुर्ण कर्जा बक्यौता सांवा तथा ब्याज असूल उपर गर्न उपभोग गरेको देखिएकोले नेपाल राष्ट्र बैंक ऐन २०५८ को दफा १०० को उपदफा (२) (क) बमोजिम त्यस बैंकका प्रमूख कार्यकारी अधिकृत र प्रमूख कर्जा अधिकृतलाई पहिलो पटकको लागि सचेत गराइएको । |